अनुसुची - ७
परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा,डडेल्धुरा
वडास्तरीय अनुगमन समिति
(दफा ५ को उपदफा ४ अनुसार)

| | |
|---|---|
| सम्बन्धीत वडाको अध्यक्ष | संयोजक |
| वडामा रहेको प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| वडामा रहेको वन कार्यालयको प्रमुख | सदस्य |
| वडाको महिला सदस्य | सदस्य |
| वडा सचिव | सदस्य सचिव |

प्रमाणिकरण मितिः २०७६।०३।१२

आज्ञाले
ईश्वरलाल शाक्य
प्रमुख प्रशासकीय अधिकृत



परशुराम नगरपा

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# स्थानीय राजपत्र

## परशुराम नगरपालिकाबाट प्रकाशित

खण्डः २ संख्याः ११ मितिः २०७६/०६/०८

जोगबुडा, डडेल्धुरा, सुदूरपश्चिम प्रदेश, नेपाल

## भाग १

### नदीजन्य पदार्थको उत्खनन तथा उपयोग ऐन २०७६

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११(२)प(७) बमोजिम परशुराम नगरपालिका क्षेत्र भित्रका नदीजन्य पदार्थ लगायतका प्राकृतिक श्रोत साधनको संरक्षण गर्नु यस नगरपालिकाको कर्तब्य रहेकोछ । त्यस्ता पदार्थहरुको उत्खनन तथा निकासी विक्रि वितरण गर्ने र निकासी कर लगाउने कार्यको प्रारम्भीक वातावरणीय परीक्षण प्रतिवेदन (IEE) स्वीकृत भैसकेपछि उक्त प्रतिवेदनले निर्धारित गरेका शर्त बमोजिम नदीजन्य पदार्थहरुको व्यवस्थापन गर्नुपर्ने हुन्छ ।नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, वालुवा) को उत्खनन् तथा उपयोग गर्नेर सोको प्रसोधन तथा विक्रि वितरण गर्ने कामलाई पृथक गरी उत्खनन तथा उपयोग गरेको रोडा, गिट्टी, वालुवा, घाटगद्दी गरी ईजाजत दिदा तोकिएको शर्त र परिणाम बमोजिम संकलन भए नभएको एकिन गराए पछि मात्र प्रशोधनकर्ता वा संस्था वा ब्यक्तिले खरिद गर्ने सम्बन्धी कार्यको ब्यवस्थापन गर्नुपर्ने वाञ्छनीय भएकाले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ( १) बमोजिम परशुराम नगरपालिकाको चौथो नगर सभाले यो ऐन बनाएकोछ ।

## परिच्छेद १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम 'नदीजन्य पदार्थ उत्खनन तथा उपयोग सम्बन्धि ऐन २०७६' रहेकोछ ।

(२) यो ऐन परशुराम नगरसभाले पारित गरी स्थानीय राजपत्रमा प्रकासित भएको मिति देखि परशुराम नगरपालिका क्षेत्रभित्र प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमाः

(क) 'ऐन' भन्नाले 'नदीजन्य पदार्थ उत्खनन तथा उपयोग सम्बन्धि ऐन २०७६' लाई जनाउनेछ ।

(ख) 'मन्त्रालय' भन्नाले संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय तथा सुदुरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय समेतलाई जनाउनेछ ।

(ग) 'अनुगमन समिति' भन्नाले प्रदेश, जिल्ला रनगर स्तरमा रहेको अनुगमन समितिलाई जनाउनेछ ।

(घ) 'कार्यदल' भन्नाले नगर प्रमुखको अध्यक्षतामा रहेको अनुसूची ५ बमोजिमको कार्यदललाई जनाउनेछ ।

(ङ) 'जिसस' भन्नाले जिल्ला समन्वय समितिको कार्यालय डडेल्धुरालाई जनाउनेछ ।

(च) 'नगरपालिका' भन्नाले परशुराम नगरपालिका डडेल्धुरालाई जनाउनेछ ।

(छ) 'नदीजन्य पदार्थ' भन्नाले उत्खनन गर्न अनुमती भएको नदी, वगर क्षेत्रबाट उत्खनन गर्दा निस्कने रोडा, ढुंगा, गिट्टी, वालुवा, मिस्कट, पाँगो, भष्कट र माटो समेतलाई जनाउनेछ ।

(ज)'IEE' नदीजन्य पदार्थ उत्खनन तथा ओसारपसार गर्ने प्रयोजनको लागि मन्त्रालय द्वारा स्वीकृत Initial Environmantal Examination (प्रारम्भिक वातावरणीय परिक्षण ) प्रतिवेदनलाई जनाउनेछ ।

(झ) 'घाटगद्दी' भन्नाले तोकिएको नदी वा खोलाबाट नदीजन्य पदार्थ उत्खनन गरेर ल्याई राख्ने स्थल वा यस ऐनको दफा ६.१ र ६.२ मा उल्लेखित गरिएको उत्खनन स्थल समेतलाई जनाउनेछ ।

(ञ) 'नगरप्रमुख' भन्नाले परशुराम नगरपालिकाको नगर प्रमुखलाई जनाउने छ ।





अनुसुची - ६

परशुराम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोगबुडा,डडेल्धुरा

नगर स्तरीय अनुगमन समिति

(दफा ५ को उपदफा ३ अनुसार)

| | |
|---|---|
| नगर उपप्रमुख | संयोजक |
| नगरपालिकाको प्रमुख प्रसाशकिय अधिकृत | सदस्य |
| वातावरण तथा विपद् व्यवस्थापन समिति संयोजक | सदस्य |
| पूर्वाधार विकास समितिसंयोजक | सदस्य |
| सव डिभिजन वन कार्यालय प्रमुख | सदस्य |
| स्थानिय वन उपभोक्ता समितिको अध्यक्ष | सदस्य |
| स्थानिय कुलोर नहर व्यवस्थापन समितिको अध्यक्ष | सदस्य |
| स्थानिय ईलाका प्रहरी कार्यालयको प्रमुख | सदस्य |
| नदिजन्य पदार्थको उत्खनन् भएको वडाका वडा अध्यक्ष | सदस्य |
| सम्बन्धित विषय हेर्ने नगरपालिकाको शाखा प्रमुख | सदस्य-सचिव |

अनुसुची - ५
परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा,डडेल्धुरा
प्राकृतिक श्रोत तथा साधन संक्षण कार्यदल

| | |
|---|---|
| नगरपालिका प्रमुख,परशुराम नगरपालिका | संयोजक |
| नगरपालिका उपप्रमुख, परशुराम नगरपालिका | सदस्य |
| प्रमुख प्रशासकिय अधिकृत,परशुराम नगरपालिका | सदस्य |
| सम्बन्धीत वार्डको वार्ड अध्यक्ष | सदस्य |
| संयोजक,प्राकृतिक श्रोत व्यवस्थापन समिति,परशुराम नगरपालिका | सदस्य |
| प्रतिनिधि,सम्बन्धित ईलाका वन कार्यालय | सदस्य |
| प्रतिनिधि,सशस्त्र प्रहरी बल बेस क्याम्प | सदस्य |
| प्रतिनिधि,स्थानिय नेपाल प्रहरी | सदस्य |
| सम्बन्धित विषय हेर्न नगरपालिकाको शाखा प्रमुख | सदस्य सचिव |





(ट) 'नगर उपप्रमुख' भन्नाले परशुराम नगरपालिकाको नगर उपप्रमुखलाई जनाउने छ ।

(ठ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले परशुराम नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ ।

**परिच्छेद २**

**उदेश्य र कार्यक्षेत्र**

३. यस ऐनको उद्येश्य देहाय बमोजिम रहेकोछ ।

क. नदी क्षेत्रबाट नदीजन्य पदार्थ उत्खनन संकलन तथा ओसारपसार गर्दा प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनका शर्तहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्ने ।

ख. नदी क्षेत्र र ओसार पसार गरिने मार्ग वरिपरिको वातावरण संरक्षण गर्ने ।

ग. नदीजन्य पदार्थको अति दोहन हुनबाट रोकी दिगो उपयोग गर्दै यस्ता पदार्थको अभाव हुन नदिने ।

४. यस ऐनको कार्यक्षेत्र निम्न बमोजिम रहेकोछ ।

क.नगरपालिका क्षेत्रभित्रका विभिन्न खोलाहरुबाट नदीजन्य पदार्थ उत्खनन संकलन र विक्रि वितरण गर्न IEE प्रतिवेदनले स्वीकृत गरेका क्षेत्रहरु ।

ख.नगरपालिका क्षेत्रभित्र रहेका नदी प्रणलीहरुबाट प्राप्त हुने नदीजन्य पदार्थ उत्खनन, विक्रि वितरण गर्न सम्बधीत निकाय द्वारा नदीजन्य पदार्थ उत्खनन, विक्रिवितरण गर्न सम्बन्धीत निकायद्वारा स्वीकृत IEE प्रतिवेदनले स्वीकृत गरेको क्षेत्र ।

ग.नगरपालिका क्षेत्रभित्र रहेका नदी, खहरेमा नदीजन्य पदार्थ थुप्रिन गईसोको कारणले प्रकोप जोखिम हुन सक्ने भएमा त्यस्ता पदार्थ हटाउन आवस्यक स्थलहरु ।

घ. नगरपालिका क्षेत्र भित्र विभिन्न जग्गा धनीले आफ्नो जग्गाबाट नदीजन्य पदार्थ उत्खनन गरी हटाउन माग गरेको अवस्थामा सम्बन्धीत वडाको वडा अध्यक्षको रोहवरमा नीजि जग्गाको साँध सधियारको समेत उपस्थितिमा वातावरणीय असर प्रभावको मूल्यांकन गरी वडा कार्यालयको सिफारिसमा सो माग गरेको क्षेत्र र परिमाण भित्र ।

ङ. नगरपालिका क्षेत्रभित्र रहेका विभिन्न सरकारी सार्वजनिक जग्गा उत्खनन गरी नदीजन्य पदार्थ निकाल्न सम्बन्धित निकायबाट निर्णय भै अनुमति भएमा सो उत्खनन गरिने क्षेत्र र परिमाण भित्र ।

च.गाउपालिका क्षेत्र भित्रका कृषकले निजि जग्गालाई खेती योग्य बनाउदा,माछापोखरी निर्माण गर्दा तथा कुनै पनि कृषिजन्य व्यवसायिक फर्म सञ्चालन गर्दा निस्कने नदीजन्य पदार्थ उत्खनन् गरी उक्त स्थलबाट हटाई व्यवसायिक प्रयोजनका लागि अन्य स्थानिय तहमा ओसार पसार गरिने क्षेत्र र परिमाण भित्र ।

## परिच्छेद ३
## उत्खनन विधि

५.उत्खनन् विधिःयस कार्यविधि वमोजिम उत्खनन् गर्दा उत्खनन् कर्ताले ( ठेक्का भएका बखत ठेकेदार र ठेक्का नलागेका बखत उपाभोक्ता स्वयम्) देहाय शर्त तथा मापदण्ड पालना गर्नु पर्ने छ ।

क.नदिजन्य पदार्थ उत्खनन् गरिने क्षेत्रको परिमाण एकिन गर्दा सम्बन्धित स्थानीय तहका प्रतिनिधि,जनप्रतिनिधि र स्थानिय बासिन्दा समेतको रोहवरमा IEEप्रतिवेदनका आधारमा घाटको चौकिल्ला निर्धारण गरि निकालिने परिमाण र उत्खनन् गरिने गहिराई समेत जानकारी गराई सिमाङ्कन गर्नु पर्ने ।

ख.उत्खनन् पश्चात समेत के कति परिमाण निकालेको रहेछ भनि नापजाँच गर्न मिल्ने गरि निशानाका आधारमा परिमाण यकिन गरे पछि मात्र सो घाटबाट उत्खनन् कार्यको थालनी गर्ने । यसरी गरिएको सिमा भित्रबाट मात्र उत्खनन् कर्ताले नदिजन्य पदार्थ उत्खनन् गरि लैजान सक्ने ।

ग.नगरपालिकाले यस कार्यविधि वमोजिम नदिजन्य पदार्थको उत्खनन्/संकलन तथा ओसार पसार गर्न अनुमति दिदा कुनै एक स्थललाई मात्र घाटगद्दी निर्धारण गर्न सक्ने ।

घ.नदिजन्य पर्दाथ उत्खनन् गर्दा नगरपालिकाबाट खटिएका कर्मचारीको प्रत्यक्ष निर्देशनमा रेखाङ्कन गरिएको घाट क्षेत्र भित्रको सिमाबाट मात्र हाते औजार र श्रममुलक प्रविधिको मात्र प्रयोग गरी निकाल्ने गरी भारी यान्त्रिक उपकरण प्रयोगलाई निरुत्साहित गर्ने ।





अनुसुची - ४
परशुराम नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
जोगबुडा,डडेल्धुरा
उत्खनन्कर्ताले राख्ने नदिजन्य पदार्थको दैनिक उत्खनन् अभिलेख
(दफा ७ को उपदफा ७.२ अनुसार)

परशुराम नगरपालिकाको.........................................खोलाबाट नदिजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नाका वा घाट भएको नदीको नामः

नाका वा घाटको नामः

| सि.न. | निकासी मिति | पटके विक्रि आदेश नं. | पटके विक्रि भएको परिमाण | पटके विक्रि बाकि भएको पदार्थ लैजाने सवारी नं. | कै |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

नोटःयो फाराम उत्खनन् स्थलबाट व्यवसायीले पटकै पिच्छे भरी दैनिक पटके बिक्रि आदेशको १ प्रति संलग्न गरी दैनिक रुपमा नगरपालिकाको कार्यालयमा अनिवार्य रुपमा पठाउनु पर्नेछ ।

अनुसुची - ३

परशुराम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोगबुडा,डडेल्धुरा

उत्खनन् स्थलमा राख्नु पर्ने सूचना बोर्डको नमुना

(दफा ६ को उपदफा ६.१५ अनुसार)

(परशुराम नगरपालिकाको.........................................खोलाबाट नदिजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वियनका सन्दर्भमा उत्खनन् स्थलमा सार्वजनिक जानकारीका लागि राखिएको)

नदीजन्य पदार्थ उत्खनन् गरिने स्थल

उत्खनन् विवरणः

१.नदिको नामः

२.घाटको नामः

३.उत्खनन् गरिने परिमाण घ.फु. माः

४.उत्खनन् कार्यमा प्रयोग हुने साधनः

५.उत्खनन् गर्ने कार्य गर्न अधिकार प्राप्त ठेकेदार फर्मको नाम र ठेगानाः

६.उत्खनन् गर्ने अवधिःमिति..................गतेबाट उल्लेखित परिमाण निकालुञ्जेल वा ...................साल ......................भित्र मध्ये जुन पहिला हुन्छ ।

नोटःकुनै शिकायत,गुनासो वा थप जानकारीका लागी परशुराम नगरपालिका को कार्यालयको सम्पर्क नं. मा सम्पर्क गर्नु हुन ।





ङ.उत्खनन् गर्दा भारी यान्त्रिक उपकरणको प्रयोग सम्बन्धमा IEEप्रतिवेदनमा उल्लेख भएको हकमा सोही बमोजिम र अन्यको हकमा नगरपालिकाको निर्णय बमोजिम गर्ने ।

च.नदिजन्य पदार्थ उत्खननको कार्य गर्दा विहान ६ बजे देखि प्रारम्भ गरी साँझ ६ बजे सम्म मात्र गर्ने । अन्य समयमा उत्खनन् गर्न नपाउने गरि नियमित अनुगमन गर्ने ।

छ.उत्खनन् स्थल सम्म जाने र फर्कने मार्ग निधारण नगरपालिकाको सहमतिका आधारमा गर्ने । उत्खननका लागि कुनै यान्त्रिक उपकरण प्रवेश गर्न भएमा यस ऐनको अनुसुची १ वमोजिमको ढाँचामा प्रवेश आदेश लिएर मात्र उत्खनन् गर्न नदीमा प्रवेश गर्न दिने । उत्खनन् परिमाण खुलेको नदी प्रवेश आदेशको पटके प्रति अनुसारको दैनिक तेरिज तयार गरी अभिलेख राख्ने । यो अभिलेख निरन्तर अनुगमन गर्ने ।

ज.परिमाण नियन्त्रणका लागी दैनिक पटके उत्खनन् अभिलेख खाता अनुसुची -२ वमोजिमको ढाँचामा उत्खनन् स्थलमा राख्ने ।

झ.उत्खनन् गरी सके पछि छनौट गरी छाडिएको काम नलाग्ने बस्तु जुन स्थलबाट निकालिएको हो सोही स्थलमा लगि व्यवस्थापन गर्नुपर्ने छ । उत्खनन् गर्दा तोकिएको गहिराई सम्म मात्र तह मिलाई खाडल नदेखिने गरि उत्खनन् गर्नुपर्ने छ । नदिको पानिको मौजुदा (Existing) वहाव क्षेत्र परिवर्तन गर्न पाईने छैन । तर नापी नक्शा बमोजिम नदीको क्षेत्र परिवर्तन गरी निजी जमिनमा वहाव क्षेत्र कायम गरेको अवस्थामा कार्यदलको निर्णयानुसार नदिलाई आफ्नो खास प्राकृतिक वहाव क्षेत्र कायम गराउन सकिने छ ।

ञ.उत्खनन् कार्यमा खटिने व्यवसायिले IEEका शर्तका अलवा ठेक्का शर्त र नगरपालिकाले बेला बेलामा दिएको निर्देशनको पूर्ण पालना गर्नु पर्ने छ ।

ट.उत्खनन् गरी निकालिएको नदीजन्य पदार्थ अन्यत्र लगि आफ्नो प्रयोगलाई चाहिने परिमाण भन्दा बढी हुने गरी संचय गर्न निषेध गर्ने । कुनै संरचनाको निर्माण स्थल वाहेक उत्खनन् स्थल वरिपरिको ३ कि.मी. क्षेत्र भित्र उत्खनन् गरिएको नदिजन्य पदार्थ हाते प्रविधिबाट प्रशोधन गर्न निषेध गर्ने ।

ठ.उत्खनन् गर्दा पानिको सतह भन्दा १५ सेन्टीमिटर माथि छाड्नु पर्ने छ । उत्खनन् सम्बन्धि IEEका सबै शर्त पालना गर्नु पर्ने छ ।



परशुराम नगरपालिका

ङ.उत्खनन् स्थलमा अनुमति प्राप्त तोकिए वमोजिमका ढुवानी साधन वाहेक अन्य साधन प्रवेशमा रोक लगाउने ।

ढ.उत्खनन् स्थलमा काम गर्ने कामदारका लागि शौचालयको निर्माण गरि खुला रुपमा मल मुत्र त्याग गर्न निषेध गर्ने ।

ण.उत्खननका लागि पहिचान भएको घाट नजिक सबैले देख्ने गरि उत्खनन् गरिने परिमाण ,चौकिल्ला, उत्खनन् विधि र गुनासो सुन्ने अधिकारिको नाम र सम्पर्क टेलिफोन नं. लगायतका कुराहरु अनुसुची ३ वमोजिमको ढाँचामा जानकारीमूलक सुचना बोर्ड तयार गरी राख्ने ।

त. पुल, बाँधआदी संरचना भएका स्थानबाट ५०० मीटरको दुरीभित्र र झोलुंगे प'ल भएको क्षेत्रबाट १०० मीटरको दुरी भित्र उत्खनन नगर्ने ।

थ. जलचरहरुको बासस्थान संरक्षण क्षेत्रलाई छोडी मात्र उत्खनन गर्ने ।

द. पानीघाट, समसामघाट, मूलवारी लाई प्रभाव नपार्ने गरी उत्खनन गर्ने ।

## परिच्छेद ४

## नदीजन्य पदार्थ ओसारपसार सम्बन्धी

६.नदीजन्य पदार्थको ओसार पसार गर्ने विधिःनदिजन्य पदार्थ ओसार पसार गर्न ढुवानिकर्ताले देहाय वमोजिम गर्नुपर्ने छ ।

क.नदि प्रवेश आदेश लिई उत्खनन् गरिने धाटमा प्रवेश गरि उत्खनन् गरी नदीजन्य पदार्थ लोड भएका सवारी साधनहरुले ढुवानी अवधी भर नदी प्रवेश आदेश र राजश्व तिरेको निस्सा साथमा लिएर मात्र ओसार पसार गर्नु पर्नेछ ।

ख.नदिजन्य पदार्थ ढुवानि गरी लैजाने सवारी साधनले पटकै पिच्छे पटके नदि प्रवेश आदेश र राजश्व तिरेको प्रमाणमा सबै विवरण -मिति,समय,सवारी नं.,ढुवानी गरी लैजाने स्थल,परिमाण,पदार्थको प्रकार आदी) अनुसुची -४ वमोजीम हुनेछ ।

ग.नदिजन्य पदार्थ उत्खनन् भएको स्थानबाट ओसार पसार गर्ने समय बिहान ६ बजे देखि साँझ ६ बजे सम्म मात्र कायम गर्ने ।

घ.नदिजन्य पदार्थ ढुवानी गर्दा ट्रयाक्टर र ४०० घ.फु. सम्मको ट्रक/टिपर मात्रको प्रयोग गर्न दिने सो को अनुगमन नगरपालीकाले गर्ने ।

ङ. नदिजन्य पदार्थ ढुवानी गर्ने सवारीले ढुवानी अवधिभर प्रेसर हर्न प्रयोग गर्न निषेध गर्ने । सो को अनुगमनको प्रबन्ध नगरपालिकाले गर्ने ।

अनुसुची - २

परशुराम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोगबुडा,डडेल्धुरा

उत्खननकर्ताले राख्ने नदिजन्य पदार्थको दैनिक उत्खनन् अभिलेख

(दफा ६ को उपदफा ६.८ अनुसार)

परशुराम नगरपालिकाको……………………………………खोलाबाट नदिजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख

नाका वा घाट भएको नदीको नाम:

उत्खनन् गरिएको नाका वा घाटको नाम:

| सि.नं. | उत्खनन् गरिएको मिति | उत्खनन् गरिएको परिमाण | उत्खननकर्ताको प्रतिनिधिको द.ख. | अनुगमनकर्ताको दस्तखत |
|---|---|---|---|---|
| | | | | |
| | | | | |



अनुसुची - १

परशुराम नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोगबुडा,डडेल्धुरा

पटके नदी प्रवेश आदेश

(दफा ६ को उपदफा ६.७ अनुसार)

परशुराम नगरपालिकाको……………………………………………………… खोलाबाट नदिजन्य पदार्थहरु निकाल्ने कार्यको लागि IEE कार्यान्वयनका सन्दर्भमा निकासी घाट अनुसार परिमाण नियन्त्रणका लागि दैनिक तयार गरिने अभिलेख ।

नाका वा घाटको भएको नदिको नाम : समय:

नदि प्रवेश आदेश मिति: प्रवेश आदेश न:

नदि प्रवेश आदेश विवरण

१.नदिजन्य पदार्थ ओसार पसार गरि लैजाने नाकाको नाम:

ठेगाना: सम्पर्क न:

२.ओसार पसार नदिजन्य पदार्थको नाम:

३.नदीजन्य पदार्थ ढुवनी लैजाने सवारी साधनको नाम:सवारी दर्ता नं:



४.निकासी गरी लैजाने नदीजन्य पदार्थको परिमाण: घनफट:

५.ओसार पसार गरि लैजाने स्थान:

६.निकासी गरि लैजाने नदिजन्य पदार्थको प्रायोजन:

(जुन प्रयोजनका लागि लैजाने हो कुनै एकमा चिन्ह लगाउने)

(क) निजि निर्माण (ख) सार्वजनिक निर्माण (ग) प्रशोधन पछि बिक्रि

नोट:यो आदेश विना सवारी साधन नदिमा प्रवेश गर्न, नदिजन्य पदार्थको ओसार पसार गर्न र नदिजन्य पदार्थ संचय वा भण्डारण गर्न निषेध गरिएको छ । कहि कतै त्यस्तो पाईएमा नगरपालीकाको निर्णय अनुसारको जरिवाना र अन्य प्रचलित कानुन वमोजिम सजाय समेत हुने छ ।

प्रवेश आदेश दिने कर्मचारी वा ठेकेदार प्रतिनिधिको नाम थर:

सहि:

परशुराम नगरपालिका

च. नदिजन्य पदार्थ ढुवानी गर्ने सवारीले उत्खनन् स्थलबाटै ढाकेर लैजानु पर्ने छ । र ४० कि.मी. प्रति घण्टा भन्दा बढी गतिमा हाक्न पाउने छैन ।

छ. मुल बाटोबाट उत्खनन् स्थल तर्फ सवारी साधन प्रवेश हुने सडकमार्ग तथा अन्य पुर्वाधार कुलो नहरको मुहान,संरचना नियमित मर्मत संभार र धुलो उडाउन नदिन नियमित पानी छर्कने प्रबन्ध उत्खननकर्ता र ढुवानीकर्ताले मिलाउने ।

ज.कृषि कार्य वा अन्य निजि प्रयोगका लागि भन्सार सुविधा लिई दर्ता भएका सवारी साधनले नदीजन्य पदार्थ भाडा वा ठेक्कामा ढुवानी गर्न पाउने छैनन् ।

झ.नदिजन्य पदार्थ लोड गरी ओसार पसार गर्ने क्रममा लोड सवारी साधन गन्तव्यमा नपुगन्जेल सडकमा पार्किङ्ग गर्न निषेध गर्ने । सवारी साधन बिग्रेको हकमा यथा सम्भव छिटो ढुवानीकर्ताले अर्को व्यवस्था गरी हटाउनु पर्ने ।

ञ.नदिजन्य पदार्थको ओसार पसार गर्न निधारण गरिएको माथि उल्लेखित विधिको परिपालन सम्बन्धमा अनुगमन समितिले प्रभावकारी अनुगमनको प्रबन्ध मिलाउने ।

ट.उत्खनन् गरिएका पदार्थ गन्तव्य स्थल तर्फ लैजादा विद्यालय रहेको गाँउवस्तिको बाटो प्रयोग गर्नुपर्ने भएमा उक्त बाटोहरुमा विहान ९:३०-१०:०० बजे सम्म र दिउँसो ४:००-४:३० बजे सम्म ढुवानीका साधनहरु नचलाउने ।

ठ.नगरपालिकाले वालुवा, गिट्टी प्रसोधन उद्योगको स्थापनाका लागि प्रचलित कानुन बमोजिम ईजाजतपत्र दिनसक्नेछ ।

## परिच्छेद ५

## अनुगमन व्यवस्था

७.उत्खनन् परिमाण नियन्त्रण विधिःउत्खनन् गर्न निर्धारण गरिएको स्थलमा स्वीकृत परिमाण भन्दा बढी उत्खनन् हुन नदिन देहाय वमोजिम गर्नु पर्नेछः

क.नगरपालिकाले निर्धारण गरेको घाट र परिमाणको सिमा भित्र रहि उत्खनन् आदेश दिनु पुर्व प्राविधिक नाप जाँच तथा रेखाङ्कनका आधारमा पहिलो पटक उत्खनन् लाईन दिने ।

ख.यस वमोजिम उत्खनन् भई निकासी भएको स्थलमा कम्तीमा १५ दिनको १ पटक नगरपालिकाले अनुगमन गर्ने ।

ग.दैनिक उत्खनन् गरिएको नदीजन्य पदार्थको अनुसुची २ बमोजिमको ढाँचामा दैनिक उत्खनन् अभिलेख राख्ने ।

घ. अनुसुची -४ वमोजिमको ढाँचामा दैनिक उत्खनन् तेरिज तयार गरी नगरपालिकामा पठाउने र नगरपालिकाले सो को अभिलेख राख्ने ।

ङ.अनुगमन सम्बन्धि व्यवस्था IEEप्रतिवेदनका शर्तहरुको परिपालना , उत्खनन् परिमाणको नियन्त्रण , राजश्व चुहावट तथा चोरी नियन्त्रण लगायतका कार्यहरुको सम्बन्धमा देहाय बमोजिम हुनेछ ।

१. प्रमुख जिल्ला अधिकारी संयोजक रहेको नेपाल सरकारद्धारा गठित जिल्ला अनुगमन तथा समन्वय समितिले नदिजन्य पदार्थ व्यवस्थापन सम्बन्धमा जुनसुकैबेला अनुगमन गरी निर्देसन दिन सक्नेछ ।

२. नदीजन्य पदार्थको उत्खनन् तथा ओसार पसारको कार्य प्रारम्भ भैसकेपछि यस ऐन वमोजिम भए नभएको नियमित अनुगमन गर्न नगर कार्यपालिकाको कार्यालयले नगरस्तरिय अनुगमन समिति (अनुसुचि ६) लाई जिम्मेवारि तोक्न सक्नेछ ।

३. प्रहरीद्वारा अनुगमन : उत्खनन्/संकलन तथा ओसार पसार शर्तहरुको परीपालना, उत्खनन् / संकलन परिमाणको नियन्त्रण, राजश्व चुहावट तथा चोरी नियन्त्रण जस्ताकार्यको नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नगर प्रहरीबाट जुनसुकैबेला अनुगमन गर्न सक्ने गरी परिचालन गर्ने ।

४. नगरपालिकाद्वारा अनुगमनः उत्खनन् /संकलन तथा ओसार पसार शर्तहरुको परिपालना, उत्खनन् परिमाणको नियन्त्रण , राजश्व चुहावट तथा चोरी निकासी नियन्त्रण, लगायतका कार्यहरुको अनुगमन गर्न नगरपालिकाले सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा अनुसूची ७ बमोजिम अनुगमन समिति गठन गर्न सक्ने ।

५.अनुगमनको कार्यसुचीःमाथी उल्लेखित अनुगमन व्यवस्था अनुसार नदिजन्य पदार्थको उत्खनन् तथा ओसार पसारका लागि प्रचलित कानुन व्यवस्था र सर्वमान्य मान्यता र यस कार्यविधिमा गरिएको प्रावधानहरुको परिपालना भए नभएको,नीषेधित क्षेत्रमा चोरी उत्खनन् नियन्त्रण,अन्य सरकारी सार्वजनिक जग्गामा हुने चोरी उत्खनन नियन्त्रण,नदीजन्य पदार्थको राजश्व चोरी गरी हुन सक्ने ओसार पसार,अनुमति बेगर भारी यान्त्रीक औजारको प्रयोग गरि

(खण्डः २ संख्याः ११   मितिः २०७६/०६/०८

गरिने उत्खनन् लगायतका विषयमा अनुगमन गरि शर्त उल्लंधन गर्ने उपर कारवाहि गर्ने नगरपालिकाको कार्यालयमा प्रतिवेदन दिन सक्ने ।

६.अनुगमन कार्यमा लाग्ने खर्चको लागि नगरपालिकाले आवश्यक व्यवस्था गर्ने ।

७.अनुगमनका क्रममा शर्त उल्लंघन गरेको वा राजस्व चोरी गरी उत्खनन/संकलन तथा ओसार पसार गरेको पाईएमा त्यस्ता उत्खननकर्ता वा ढुवानिकर्तालाई प्रदेश कानुन वा नगरपालिकाको निर्णय वमोजिम जरिवाना गरिने छ ।

८.माथि ७ वमोजीम प्राप्त हुने जरिवानाको २० प्रतिशतले हुने रकम पक्राउ कार्यमा सहयोग गर्ने सुराकि,प्रहरी वा अन्य कर्मचारीहरुलाई पुरस्कार स्वरुप प्रदान गर्ने ।

९. नगर स्तरीय अनुगमन समितिको कार्य देहाय बमोजिम हुनेछ ।

(क) नगर सभामा प्रतिवेदन पेस गर्ने ।

(ख) आईईको कार्यान्वयन गर्ने ।

(ग) नदीजन्य पदार्थको उत्खननबाट पर्न जाने प्रभाव मूल्यांकन गर्ने ।

(घ) आन्तरीक आयश्रोत बृद्धिको थप श्रोत पहिचान गर्ने ।

## परिच्छेद ६

## विविध

८. क.नदिजन्य पदार्थ उत्खनन् गरिने स्थलमा अनुसूची-४ वमोजीमको सुचना वोर्ड राखि सरोकारवाला सबैलाई जानकारी दिनु पर्ने ।

ख.यो ऐनको अधिनमा रही नगरपालिकाले संघीय र प्रदेश सरकारको कानुनको अधिनमा रही आवश्यकतानुसारनियमावली तथा कार्यविधि तयार गर्न सक्नेछ ।

ग. यो ऐनका कुनै व्यवस्था संघीय कानुन र प्रदेश कानुन संघ बाँझिएमा बाँझिएको हदसम्म अमान्य हुनेछ ।

घ.यस ऐनका प्रावधानहरुको अन्तिम व्याख्या गर्ने अधिकार नगरकार्यपालिकामा निहित रहने छ ।